मिति २०७७ साल श्रावण १२ गते सोमबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

अन्य उपस्थिती :

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

श्री राजेन्द्र सोती, वातावरण शाखा प्रमुख

श्री अविनास गुरुङ्ग, सब-इञ्जिनियर

प्रतिभा जि.सी, रोजगार संयोजक

Scanned with CamScanner

**निर्णय नं. १ :**

अविरलको वर्षाको कारण नगरपालिकाभित्रका विभिन्न क्षेत्रमा अनुगमन तथा निरीक्षण समुह खटिई बुझाएको प्रतिवेदनका आधारमा आवासमा क्षति भएका प्रकोपपिडीतलाई देहायको मापदण्डको अधिनमा रही प्रकोप व्यवस्थापन कोषबाट राहतरकम उपलब्ध गराउने,तोकिएको मापदण्डमुताविक रकम बुझाउदा सम्बन्धित वडा कार्यालयको सिफारिस तथा राहतरकम बराबरको कार्यसम्पन्नको सिफारिस समेत अनिवार्य हुनुपर्ने ।

तपसिल :

क) आवासमा पुर्ण क्षति भएको परिवारलाई रु २० हजार,

ख) अति जोखीमयुक्त आवास संरक्षणका लागि रु १५ हजार,

ग) जोखीमयुक्त आवास संरक्षणका लागि रु १० हजार,

घ) आंशिक क्षति आवास संरक्षणका लागि रु ५ हजार ।

**निर्णय नं. २ :**

तनहु जिल्लाको आ.ब. २०७७/७८ को लागि स्विकृत दररेटमा देहायको संशोसधन गर्ने तथा नगर दररेटमा उल्लेख नभएको सामाग्रीको दररेटका सम्वन्धमा छिमेकी वा अन्य स्थानीय तह तथा जिल्लामा कायम रहेको दररेटलाई आधार मान्ने गरी चालु आ.ब का लागि यस नगरपालिकाको देहायको दररेट कायम गर्ने :

तपसिल :

- ग्रामीण सडकमा ट्याक्टरमा निर्माण सामग्री ढुवानी गर्दा लाग्ने दर रु ०.०८/कि.मी/के.जी. कायम गर्ने,
- कामदारको दैनिक ज्यालादारीको हकमा देहायबमोजिम गर्ने :

  क) दक्ष कामदार रु १ हजार,

  ख) अर्धदक्ष कामदार रु ८००,

  ग) अदक्ष कामदारका लागि रु ७००

–मेकानिकल आईटमको हकमा भ्याट सहित देहायबमोजिम गर्ने :

किसान गुरुङ
नगर प्रमुख

प्र. प्रशासकीय अधिकृत

Scanned with CamScanner

क) डिजल रु ८८/लि

ख) केरोसिन रु ८८/लि

ग) मोबिल रु ७००/लि

घ) ग्रिज रु ७५०/केजि

–व्याक लोडर/एक्साभेटर अपरेटर का लागि मासिक पारिश्रमिक मासिक रु २३,८५० तथा हेल्पर का लागि रु १९४८० कायम गर्ने तथा उक्त मासिक रकमलाई दामासाहीले हुन आउने गरी दैनिक तथा घण्टाको पारिश्रमिक समेत निर्धारण गर्ने ।

–ग्राभेल प्रतिघनमिटर रु 1100 कायम गर्ने ।

निर्णय नं. ३ :

कोरोना भाईरस(कोभीड १९) को रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिकाका विभिन्न विद्यालयमा स्थापना गरिएको क्वारेन्टिनलाई विद्यालय पठनपाठनको लागि व्यवस्था गर्नपर्ने भएकोले सम्वन्धित वडाअध्यक्ष तथा टोलविकास संस्थाले विदेशबाट फर्की आउने व्यक्तिको पहिचान गरी निज होम क्वारेन्टिाईनसम्वन्धी मापदण्ड २०७७ बमोजिम राख्ने र होम क्वारेन्टाईन स्थलमा वस्न पारिवारिक सुरक्षाको हिसाबले अनुपयुक्त ठहरिएको खण्डमा वडा नं.५ स्थित शिवपञ्चायन मन्दिर परिसरको ठाडोखोला खानेपानीको सभाहल लाई आवश्यक क्वारेन्टाईनस्थलको रुपमा प्रवन्ध गन र उक्त व्यवस्थापनको लागि आवश्यक खर्च प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ,उक्त क्वारेन्टाईनमा बस्दाको लागत स्वयम व्यक्तिले नै वहन गर्नुपर्ने तथा होम क्वारेन्टाईनमा बस्ने व्यक्तिको स्वाव परीक्षणका लागि आवश्यक समन्वय स्वास्थ्य शाखाले गर्ने ।

निर्णय नं. ४ :

शुक्लागण्डकी नगरपालिकाभित्रका सवै विद्यालयहरुको प्रशासनिक कार्य श्रावण १५ गतेदेखि सुचारु गर्ने ।

निर्णय नं. ५ :

यस नगरपालिकामा कार्यरत मेडिकल अफिसरलाई रात्री समयमा आपतकालीन उपचारको लागि खटाउनपर्दा विरामीसंग समेत अतिरीक्त सेवाशुल्क लिई नियमानुसार मेडिकल अधिकृतलाई सुविधा उपलब्ध गराउने ।

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६ :**

शु.न.पा वडा नं. ५ मा निर्माणाधीन कृषिउपज संकलन केन्द्रको स्थलमा साविकको साझा कृषि सहकारीको भवनवाट निस्केको ढुंगा को प्रयोग ईलाका प्रहरी कार्यालय वेलचौताराको कम्पाउण्ड निर्माणका लागि उपलब्ध गराउने तथा टिन र काठको प्रयोग गौसंरक्षणकेन्द्र ले गर्ने गरी अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ७ :**

शुक्लागण्डकी नगरपालिका वडा नं. ५ मा फोहोरमैला व्यवस्थापन केन्द्रको संचालनसम्वन्धी आवश्यक प्रक्रिया नियमानुसार अघि वढाउने ।

**निर्णय नं. : ८ :**

यस नगरपालिकामा सम्वन्धित वडा कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण भएका सवै व्यवसायीको यस आर्थिक वर्षदेखि व्यवसाय ईजाजतपत्र दर्ता तथा नवीकरण गर्ने प्रक्रिया अघि वढाउने ।

**निर्णय नं. ९ :**

SAMI परियोजना संचालन हुदै आएको साविकका वडाहरुमा चालु आ.व. को लागि कार्यक्रम स्विकृत गर्ने ।

**निर्णय नं. १० :**

घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धि कार्यविधि २०७४ को दफा ३ मा ईजाजतपत्र नवीकरण नगरेका निर्माण व्यवसायीको हकमा प्रथमपटकका लागि नवीकरण नभएको अवधिको प्रत्येक आ.व. का हकमा ईजाजतपत्र नवीकरणका लागि लाग्ने दस्तुर र दण्ड जरिवाना वापत सोको दोव्वर दस्तुर लिई व्यवसाय नवीकरण गरिनेछ भनी कार्यविधि संशोधन गर्ने ।

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित
७.७.७६.

Scanned with CamScanner